## स्व-पहिचानको *(self-identification)* परिचय

*University of Wisconsin–Madison* ले संघीय समान रोजगार अवसर *(Equal Employment Opportunity)* र *Affirmative Action* कानून र नियमहरूको पालना गर्न आवेदकहरू र कर्मचारीहरूको बारेमा जनसांख्यिकीय जानकारी (लिङ्ग, वर्ण, जातियता, अशक्तता, र पूर्व सेना स्थिति) सङ्कलन र रिपोर्ट गर्न आवश्यक छ। यो जानकारी सारांश रिपोर्टिङ्ग उद्देश्यका लागि र संस्थागत *Affirmative Action* प्रयासहरूलाई समर्थन गर्न प्रयोग गरिनेछ। तपाईंको जानकारी गोपनीय छ र तपाईंको रोजगार फाइलहरू वा रेकर्डहरूमा राखिनेछैन। यो जानकारी बुझाउन स्वैच्छिक हो। यदि तपाईं तपाईंको जनसांख्यिकीय जानकारी रिपोर्ट गर्न छनौट गर्नुहुन्छ भने तपाईं कुनै पनि प्रतिकूल प्रभावको अधीनमा हुनुहुनेछैन।

तपाईंले *MyUW self-service* पोर्टलमा वा कुनै पनि समयमा कागजी फारम भरेर आफ्नो जातियता, वर्ण, पूर्व सेना स्थिति, र अशक्तता बारे स्व-रिपोर्ट गर्न सक्नुहुन्छ। यदि तपाईं आफ्नो यौन जानकारी अपडेट गर्न चाहनुहुन्छ भने, कृपया आफ्नो स्थानीय मानव संसाधन कार्यालयमा सम्पर्क गर्नुहोला।

कृपया ध्यान दिनुहोस् कि आफूलाई अशक्त व्यक्तिको रूपमा पहिचान गर्दा आफैँ अशक्त व्यवस्थाको अनुरोध शुरू हुँदैन। न नै अशक्त व्यक्तिको रूपमा स्व-पहिचान अशक्त व्यवस्थाको आधार हो। अशक्तता व्यवस्था अनुरोध गर्न, आफ्नो *divisional disability representative (DDR)* लाई सम्पर्क गर्नुहोला।

*Page 2* ले *MyUW* मा कसरी स्व-पहिचान गर्ने भन्ने बारे चरणबद्ध निर्देशनहरू प्रदान गर्दछ।

यदि तपाईंले कागजी फारम भर्ने छनौट गर्नुहुन्छ भने, तपाईंले यहाँबाट एउटा डाउनलोड गर्न सक्नुहुन्छ। तपाईंले केवल पहिलो तीन पृष्ठहरू भर्न आवश्यक छ। तपाईंले आफ्नो स्थानीय मानव संसाधन कार्यालयबाट पनि एउटा अनुरोध गर्न सक्नुहुन्छ। कागज फारम भर्नुभएपछि, कृपया यसलाई 21 N. Park Street, Suite 5101, Madison, WI 53715 मा बुझाउनुहोला।

*MyUW* मा भएको स्व-पहिचान र कागजी फाराममा उस्तै प्रशनहरू र चयनहरू छन्। *Page 3* र *4* मा हालमा प्रयोग जातियता, वर्ण, अशक्तता, र पूर्व सेना स्थितिहरू र तीनका परिभाषाहरू सूचीबद्ध छन्।

थप जानकारीका लागि, go.wisc.edu/self-id वेबसाईट हेर्नुहोला।

स्व-पहिचानको बारेमा थप सहायताको आवश्यकता भएमा, तपाईंले *Office of Affirmative Action Planning and Programming* लाई (अङ्ग्रेजीमा) 608-262-2012 मा फोन गर्न वा affirmativeaction@cdo.wisc.edu मा ईमेल पठाउन सक्नुहुन्छ। नेपाली भाषा सहायताको आवश्यकता भएमा, तपाईंले सांस्कृतिक भाषागत सेवा, 608-262-7521 मा सम्पर्क गर्न सक्नुहुन्छ।

## ***MyUW*** **मा कसरी स्व-पहिचान गर्ने**

यो भागले कसरी *MyUW self-service* पोर्टलमा तपाईंको जातियता, वर्ण, अशक्तता र पूर्व सेना स्थिति स्व-पहिचान गर्ने भन्ने बारे चरणबद्ध निर्देशनहरू प्रदान गर्दछ।

चरण 1: *[Personal Information in MyUW](#)* मा लग ईन गर्नुहोस्।

- तपाईंले *MyUW* को मुख्य लग ईन पेजबाट पनि यो पेज पुग्न सक्नुहुन्छ। *"Personal Information"* मा थिचेर *"Update My Personal Information"* मा थिच्नुहोला।




चरण 2: तपाईंको *"Personal Details"* पेजमा *"Ethnic Groups," "Veteran Status,"* र *"Disability"* ट्याबमा रहेको व्यक्तिगत जानकारीको समीक्षा गर्नुहोस् (दायाँको चित्र हेर्नुहोला)।

- तपाईंले आफ्नो वर्ण जातियता, पूर्व सेना स्थिति र अशक्तता स्थिति, ती तीन ट्याबहरूमा अपडेट गर्न सक्नुहुन्छ यदि ती रेकर्डहरू पूरा भएका छैनन् वा गलत छन् भने।
- *"Ethnic Groups"* ट्याबमा, तपाईंले एक भन्दा बढी वर्णको वर्ग छनौट गर्न सक्नुहुन्छ।
- तपाईंको जानकारी बदल्नको लागि पेजको तल रहेको *"Submit"* वा *"Save"* बटन थिच्नुपर्दछ।

**चयन र परिभाषाहरू**

यस भागमा हालमा प्रयोग जातियता, वर्ण, अशक्तता, र पूर्व सेना स्थितिहरू र तीनका परिभाषाहरू सूचीबद्ध छन्।

जातियता *(Ethnicity)*: यस प्रश्नले यदि तपाईं *"Hispanic* वा *Latino"* को रूपमा स्व-पहिचान गर्नुहुन्छ भनेर सोधेको हो। संघीय सरकारले *"Hispanic* वा *Latino"* लाई एउटा राष्ट्रीय मूल (जातियता) वर्गमा राख्दछ, वर्णको वर्गमा होईन। *MyUW* र कागजी फाराममा रहेको दुईवटा चयनहरू यी हुन्:

- हो
- होईन

*"Hispanic* वा *Latino"* लाई यसरी परिभाषित गरिएको छ:

- वर्ण ध्यानमा नराखी, क्युबा, मेक्सिको, पुएर्तो रिको, दक्षिण वा मध्य अमेरिका वा अन्य स्पैनिश संस्कृति वा मूलका व्यक्ति।

वर्ण *(Race)*: यस प्रश्नले तपाईंको वर्ण पहिचान सोधेको हो। तपाईंले एक भन्दा बढी वर्ग चयन गर्न सक्नुहुन्छ। *MyUW* मा सूचीबद्ध पाँच वर्गहरू यी हुन्:

- अमेरिकी ईन्डियन वा अलास्का मूल *(American Indian or Alaska Native)*
- एशियाली *(Asian)*
- कालो वा अफ्रिकी अमेरिकी *(Black or African American)*
- हवाई मूलका वा अन्य प्रशान्त टापुवासी *(Native Hawaiian or Pacific Islander)*
- गोरो *(White)*

कागजी फाराममा सूचीबद्ध पाँच वर्गहरू यी हुन्:

- कालो वा अफ्रिकी अमेरिकी *(Black or African American)*
- एशियाली *(Asian)*
- अमेरिकी ईन्डियन वा अलास्का मूल *(American Indian or Alaska Native)*
- गोरो *(White)*
- हवाई मूलका वा अन्य प्रशान्त टापुवासी *(Native Hawaiian or Pacific Islander)*

यी संघीय वर्णका वर्गहरू हुन्। हरेक वर्णका वर्गहरू यसरी परिभाषित गरिएको छ:

- अमेरिकी ईन्डियन वा अलास्का मूल *(American Indian or Alaska Native)*: उत्तर र दक्षिण अमेरिकाको (मध्य अमेरिका सहित) कुनै पनि मौलिक व्यक्तिहरूको वंशज जसले आफ्नो आदिवासी सम्बद्धता वा समुदायको संलग्नता कायम राख्ने व्यक्ति।
- एशियाली *(Asian)*: एक सुदूर पूर्व, दक्षिणपूर्व एशिया, वा भारतीय उपमहाद्वीप, उदाहरणका लागि कम्बोडिया, चीन, भारत, जापान, कोरिया, मलेसिया, पाकिस्तान, फिलिपिन्स टापु, थाईलैंड र भियतनाम मूलका कुनै व्यक्ति।
- कालो वा अफ्रिकी अमेरिकी *(Black or African American)*: अफ्रिकाको कुनै पनि कालो वर्ण समूहहरूको वंशज।
- हवाई मूलका वा अन्य प्रशान्त टापुवासी *(Native Hawaiian or Pacific Islander)*: हवाई, गुआम, सामोआ, वा अन्य प्रशान्त टापुहरूका कुनै पनि मूलका व्यक्तिहरूको वंशज।
- गोरो *(White)*: युरोप, मध्य पूर्व, वा उत्तर अफ्रिकाको कुनै पनि मूलको व्यक्तिहरूको वंशज।

<u>अशक्तता *(Disability)*</u>: यो प्रश्नले शारीरिक वा मानसिक कमजोरी वा चिकित्सा स्थितिको कारणले तपाईंको जीवनको मुख्य गतिविधिलाई धेरै सीमित गर्दछ, वा यदि तपाईंसँग यस्तो कमजोरी वा चिकित्सा अवस्थाको ईतिहास वा रेकर्ड छ सोध्दछ। *MyUW* र कागजी फाराममा रहएको तीन चयनहरू हुन्:

- हो, मसँग एक अशक्तता छ, वा एक अशक्तता भएको ईतिहास/रेकर्ड छ।
- होईन, मसँग अशक्तता छैन, वा कुनै अशक्तता भएको ईतिहास/रेकर्ड छैन।
- म जवाफ दिन चाहन्न।

अशक्तता स्व-पहिचान फाराममा सन्दर्भको लागि अशक्तताहरूको सूची समावेश गर्दछ। यी अशक्तताहरूमा हुन्: *Autism*; रोग प्रतिरोधात्मक प्रणालीको रोग *(Autoimmune disorder)*, उदाहरणका लागि लुपस, *fibromyalgia,* बाथरोग *(rheumatoid arthritis),* वा *HIV/AIDS*; अन्धो वा आँखा कम देख्ने; क्यान्सर; मुटु र रगत सम्बन्धी रोगहरू; *Celiac* रोग; *Cerebral palsy*; बहिरो वा कान सुन्न गाह्रो हुने; डिप्रेसन वा चिन्तापना; मधुमेह *(Diabetes)*; छारे रोग *(Epilepsy)*; पेट र आन्द्रा सम्बन्धित रोगहरू *(Gastrointestinal disorders)*, उदाहरणका लागि क्रोन रोग, वा *irritable bowel syndrome*; बौद्धिक अपांगता *(Intellectual disability)*; हातखुट्टा नभएको वा एक दुईवटा हातखुट्टा नभएको; स्नायु प्रणालीको अवस्था, उदाहरणका लागि माइग्रेन टाउको दुख्ने, *Parkinson's* रोग, वा *Multiple sclerosis (MS)*; मनोवैज्ञानिक अवस्था, उदाहरणका लागि *bipolar disorder, schizophrenia, PTSD*, वा प्रमुख डिप्रेसन। ध्यान दिनुहोस् कि यो अशक्तताहरूको पूरा सूची होईन। तपाईंलाई कुनै विशेष अशक्तता खुलासा गर्न सोधिने छैन।

<u>पूर्व सेना स्थिति *(Veteran status)*</u>: यो प्रश्नले शुरूमा यदि तपाईं संरक्षित पूर्व सेनाका वर्गहरू मध्य कुनैमा पर्नुहुन्छ सोध्दछ। तपाईंले तपाईं कुन संरक्षित पूर्व सेनाहरू मध्य पर्नुहुन्छ भनेर थप सङ्केत गर्न सक्नुहुन्छ। हरेक संरक्षित पूर्व सेनाका वर्गहरू यसरी परिभाषित गरिएको छ:

- "अशक्त पूर्व सेना *(disabled veteran)*" यी मध्य एक हुन्:
  - अमेरिकी सेना, फौज, नौसेना वा वायुसेवाका एक पूर्व सेना जो *Secretary of Veterans Affairs* अन्तर्गत प्रशासित कानून बमोजिम क्षतिपूर्ति पाउन योग्य छन् (वा जो सैन्य सेवानिवृत्त भुक्तानीको लागि क्षतिपूर्तिको हकदार हुनेछन्);
  - कुनै व्यक्ति जो सेवा सम्बन्धित अशक्तताका कारण डिस्चार्ज वा सक्रिय कर्तव्यबाट रिहा भएका छन्।
- "हालसालै छुट्टिईएका पूर्व सेना *(recently separated veteran)*" भनेको तीन वर्षको अवधिमा अमेरिकी सेना, फौज, नौसेना, वा वायुसेवामा सक्रिय कर्तव्यबाट कुनै पनि पूर्व सेनाको त्यस्तो डिस्चार्ज वा छुटेको मितिबाट शुरू भएको हो।
- "सक्रिय कर्तव्य वा अभियान ब्याजका पूर्व सेना *(active duty wartime or campaign badge veteran)*" भनेको कुनै पूर्व सेना हुन् जसले अमेरिकी सेना, फौज, नौसेना वा वायुसेवामा युद्धको समयमा सक्रिय कर्तव्यमा सेवा गरेका थिए, वा एउटा अभियानमा जसको लागि *Department of Defense* द्वारा प्रशासित कानूनहरू अन्तर्गत एउटा अभियान ब्याज अधिकृत गरिएको थियो।
- "सशस्त्र बल सेवा पदकका पूर्व सेना *(Armed Forces service medal veteran)*" भनेको कुनै पूर्व सेना हुन् जसले अमेरिकी सेना, फौज, नौसेना वा वायुसेवामा सक्रिय कर्तव्यमा काम गरिरहेको बेला अमेरिकी सैन्य परिचालनमा भाग लिएका थिए जसको लागि कार्यकारी आदेश १२९८५ *(Executive Order 12985)* बमोजिम सशस्त्र बल सेवा पदक प्रदान गरिएको थियो।

*MyUW* र कागजी फाराममा भएको बाँकी चयनहरू हुन्:

- म संरक्षित पूर्व सेना हुँ, तर म कुन वर्गमा पर्दछु स्व-पहिचान गर्न चाहँदिन।
- म पूर्व सेना हुँ, तर संरक्षित पूर्व सेना हुइँन।
- म पूर्व सेना हुइँन।